# बराहताल गाउँपालिकाको आर्थिक विधेयक, २०७६

## प्रस्तावना

बराहताल गाउँपालिकाको आर्थिक वर्ष २०७६/२०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा (२) बमोजिम बराहताल गाउँपालिकाको दोस्रो गाउँसभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ** (१) यो ऐनको नाम "बराहताल गाउँपालिकाको आर्थिक ऐन. २०७६"रहेकोछ । (२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि बराहताल गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२.घर वहाल कर** :-गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थालाईभवन,घर,पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर ,जग्गा वा पोखरी, पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुचि (१)बमोजिम घर वहाल कर लगाइने र असुल उपर गरिनेछ ।

**३.व्यावसाय कर :-**गाउँपालिका क्षेत्रभित्र व्यापार,व्यावसाय,वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुचि (२) बमोजिम व्यावसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**४.विज्ञापन कर :-** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुचि (३) बमोजिम विज्ञापन कर लगाईने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**५.हाटवजार कर** :-गाउँपालिका क्षेत्रभित्र हुने हाटवजारमा अनुसुचि(४)बमोजिम हाटवजार कर लगाईने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**६.जडिबुटि, कवाडी र जीवजन्तु निकासी कर :-** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो,जडिबुटि ,वनकस (खर) कवाडी माल र प्रचलित कानून बमोजिम निषेधित गरिएको जीवजन्तु बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड ,सिङ, प्वाँख, छाला, जस्ता बस्तुको व्यावसायिक कारोबार गरेबापत अनुसुचि (५) बमोजिमको कर लगाईने र असुल उपर गरिनेछ ।

**७.काठदाउरा निकासी कर :-** गाउँपालिका क्षेत्रवाट निकासी हुने काठदाउरा निकासी हुँदा अनुसुची (६)बमोजिम काठदाउरा निकासी कर लगाई असुल उपर गरिनेछ ।

**८.मनोरञ्जन कर :-** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय क्षेत्रमा अनुसुचि (७) बमोजिम मनोरञ्जन कर लगाईने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ

**९. ढुङ्गा, गिट्टि, वालुवा, माटो ,स्लेट आदि प्राकृतिक एवं खानी जन्य वस्तुको विक्रि तथा निकासी शुल्क,दस्तुर :-**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ढुङ्गा ,गिट्टी,वालुवा माटो ,स्लेट आदि प्राकृतिक एवं खानी जन्य जस्ता बस्तुको व्यावसायिक कारोबार गरेबापत अनुसुचि (८) बमोजिमको विक्रि कर तथा निकासी शुल्क,दस्तुर लगाईने र असुल उपर गरिनेछ ।

**१०. सवारी साधन कर :-** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शूल्क संकलन सम्बन्धि कार्यबिधि गाउँपालिकाले तोके अनुसार हुने छ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**११.सेवा शुल्क दस्तुर :-**गाउँपालिकाले निर्माण , संञ्चालन वा व्यवस्थापन गरेका अनुसुची (९) मा उल्लिखित स्थानीय पुर्वाधार उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क तथा दस्तुर लगाईने र असुल उपर गरिनेछ ।

**१२.बहाल बिटौरी शुल्क :-** गाउँपालिका क्षेत्रभित्र गाउँपालिका आफैंले निर्माण,रेखदेख वा संचालन गरेका स्थायी संरचनाहरु र सार्वजनिक र प्रति ऐलानी जग्गाहरु व्यक्तिगतरुपमा प्रयोग गरेवापत अनुसुची (१०) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क तथा भोग निस्सा शुल्क लगाई असुल उपर गरिनेछ ।

**१३.पार्किङ्ग शुल्क :-** गाउँपालिका क्षेत्रमा पार्किङ्ग शुल्क तोकी असुल उपर गर्दा गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**१४.र्‍याफ्टीङ्ग शुल्क :-** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग , जिप बलायर र र्‍याफ्टीङ्ग सेवा वा व्यावसाय संञ्चालन गरेबापतको शुल्क संकलन गाउँपालिकाले तोके अनुसार लगाईने र असुल उपर गरिनेछ ।

**१५.पर्यटन शुल्क :-** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट तोकिए बमोजिम पर्यटक शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१६. कर छुट :-** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कूनै पनि किसिमको कर छुट दिईने छैन ।

**१७.कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि :-**यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसुची-१
## वहाल कर (घर र जग्गा)

गाउँपालिका क्षेत्रभित्रका घरहरु वहालमा लगाएका घर धनीसंग वर्ष भरीको वहाल रकमको सयकडा १०+२ प्रतिशत र खाली जग्गा वहालमा लगाएका जग्गा धनीसंग सयकडा १० प्रतिशतका दरले वहाल कर लगाई असुल उपर गरिनेछ। वहाल सम्झौता पेश भएकोमा सोही बमोजिम हुनेछ। विदेश अध्ययन गर्न जाने विद्यार्थीको हकमा सयकडा २ प्रतिशतका दरले लिईनेछ।

### १. गाउँपालिकाको सम्पत्ति वहाल विवरण

| क.सं. | घर कोठा/छाप्रो | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | पुरानो टहरा सब्जी मण्डी दुइ कोठा | ४०,०००।- | बार्षिक |
| २ | डेरी बसेको भवन प्रति कोठा | १,५००।- | मासिक |
| ३ | बधसाला बसेको भवन प्रति कोठा | १,५००।- | मासिक |
| ४ | खसी संकलन केन्द | ३०,०००।- | बार्षिक |

## अनुसुची-२
## व्यावसाय कर

| क.सं. | विवरण | आ.व.२०७६/०७७ | कैफियत |
|---|---|---|---|
| **क.व्यापारिक वस्तु** | | | बार्षिक |
| **१.** | **मदिरा पसल** | | बार्षिक |

| | | | |
|---|---|---|---|
| | रक्सी, वियरको डिस्ट्रीव्युटर्स | रु.५,०००।- | |
| | रक्सी,वियरको खूद्रा बिकी पसल/खाजा नास्ता पसल | रु.२,०००।- | |
| २ | **चुरोट/सुर्तीजन्य (धुम्रपान पसल)** | | बार्षिक |
| | चुरोट,विडी,सुर्तीजन्य पदार्थको थोक पसल | ३,०००।- | |
| | चुरोट,विडी,सुर्तीजन्य पदार्थको खुद्रा पसल | २,०००।- | |
| **३** | **हल्का पेय पदार्थको पसल** | | बार्षिक |
| | हल्का पेय पदार्थको खुद्रा पसल | ५००।- | |
| ४ | **सुन चाँदी पसल** | | बार्षिक |
| | सुन,चाँदी पसल | १,०००।- | |
| ५ | **औषधी व्यावसाय** | | बार्षिक |
| | औषधी खूद्रा पसल (डाक्टर नभएको) | १,०००।- | |
| ६ | **आयुर्वेदिक औषधी पसल** | | बार्षिक |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी खुद्रा पसल | ५००।- | |
| | एग्रोभेट खुद्रा पसल | ५००।- | |
| ७ | **स्टेशनरी तथा पुस्तक पसल** | | बार्षिक |
| | स्टेशनरी तथा पुस्तक खुद्रा पसल | ७००।- | |
| ८ | **कस्मेटिक पसल** | | बार्षिक |
| | कस्मेटिक खुद्रा पसल | ५००।- | |
| ९ | प्लाई तथा ग्लास हाउस | ५००।- | बार्षिक |
| १० | **कपडा तथा फेन्सी पसल** | | बार्षिक |
| | कपडा,फेन्सी तथा व्याग खूद्रा पसल | ७००।- | |
| ११ | **धागो टाँक,फस्नर थोक पसल** | | बार्षिक |
| | धागो,टाँक,फस्नर खुद्रा पसल | ७००।- | |
| **१२** | **ईलेक्ट्रोनिक सामाग्री बिक्रि पसल** | | बार्षिक |

| | | | |
|---|---|---|---|
| | अडियो,भिडियो,क्यासेट तथा मोवाईल पसल | ७००।- | |
| **१३** | **विद्युत सामाग्री बिक्रि पसल** | | बार्षिक |
| | विद्युत सामाग्री खूद्रा पसल | ७००।- | |
| १४ | **हार्ड वयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल** | | बार्षिक |
| | हार्ड वयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल खुद्रा पसल | १,०००।- | |
| १५ | **पेट्रोलियम पदार्थ** | | बार्षिक |
| | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | १,०००।- | |
| १६ | **खाद्यान,किराना खूद्रा पसल** | १,०००।- | |
| १७ | **फलफूल पसल** | | बार्षिक |
| | फलफूल थोक पसल | ३,०००।- | |
| | फलफूल खुद्रा पसल | १,५००।- | |
| १८ | **सागसब्जी पसल** | | बार्षिक |
| | सागसब्जी थोक पसल | १,०००।- | |
| **ख.उत्पादन मुलक उधोग** | | | |
| १९ | **घरेलु कुटिर उधोग** | | बार्षिक |
| | अगर बत्ती उद्योग | १,०००।- | |
| | मैन बत्ती उद्योग | | |
| | टिकी उद्योग | | |
| | अचार उद्योग | | |
| | अन्य कूटिर उद्योग | | |
| | कूटानी, पेलानी मिल (हलर समेत) | | |
| | मर्मत संमार पार्ट बिक्रि | | |
| २० | **ग.पर्यटन उद्योग** | | |
| | होटल लज एण्ड रेष्टुरेण्ट | | बार्षिक |
| | होटल,भोजनालय | १,०००।- | |

| | | | |
|---|---|---|---|
| | | | |
| २१ | मिष्ठान/क्याटरिङ्ग पसल | | बार्षिक |
| | मिष्ठान पसल | १,०००।- | |
| २२ | टेण्ट हाउस | | बार्षिक |
| | विजूली डेकोरेशन सहितको टेण्ट हाउस | ५००।- | |
| | **घ.बित्तीय सेवा** | | |
| २३ | **बैक तथा वित्तिय सेवा** | | बार्षिक |
| | वाणिज्य वैंक प्रति शाखा कार्यालय | ५,०००।- | |
| | लुघवित्त कम्पनीहरु | २,०००।- | |
| | वित्तीय सहकारी संस्था | ५,००।- | |
| | कृषि,पशु तथा सेवामुलक सहकारी संस्था | ३,००।- | |
| | **ङ.शिक्षा सेवा** | | |
| २४ | **निजी विधालय** | | बार्षिक |
| | माध्यमिक विद्यालय | ५,०००।- | |
| | आधारभूत तह | २,५००।- | |
| | मन्टेश्वरी तथा शिशु स्याहर केन्द्र | २०००।- | |
| २५ | **इन्स्टिच्युट,तालिम तथा अनुसन्धान केन्द्र** | | बार्षिक |
| | कम्प्युटर,ईलेक्ट्रो तालिम केन्द्र | १०००।- | |
| | **च.मर्मत तथा संभार सेवा** | | बार्षिक |
| | टायर पंन्चर मर्मत तथा खरीद/विक्री (पार्टस पसल) | १०००।- | |
| | ब्यूटी पार्लर सेवा | ३००।- | |
| | माछा,मासु मध्ये कम्तिमा २ वटा सेवा एकै ठाउँमा भएको | | |
| | कूनै एक/दुई वा भन्दा बढी प्रकारको मासु बिक्री पसल | ७००।- | |
| | सेवा प्रदायक अन्य ब्यावसाय | ५००।- | |

अनुसुची-३

## विज्ञापन कर

| क.सं. | विवरण | आ.व.२०७६/०७७ मा प्रति वर्गफिट | |
|---|---|---|---|
| | | पटके रु. | बार्षिक |
| १ | होडिङ्ग बोर्ड, डी.पी.एस.बोर्ड तथा अन्य प्रचार सामाग्री सम्वन्धी वोर्डको ११ स्क्वायर फिटसम्म प्रति स्कायर फिट | ००।०० | ३०।- |
| २ | होडिङ्ग बोर्ड, डी.पी.एस.बोर्ड तथा अन्य प्रचार सामाग्री सम्वन्धी वोर्डको ११ स्क्वायर फिटसम्म प्रति स्कायर फिट | ००।०० | ४०।- |
| ३ | होडिङ्ग बोर्ड, डी.पी.एस.बोर्ड तथा अन्य प्रचार सामाग्री सम्वन्धी वोर्डको ११ स्क्वायर फिटसम्म प्रति स्कायर फिट | १०।- | ५०।- |
| ४ | भित्ते लेखन प्रति स्क्वायर फिट | ००।०० | २५।- |
| ५ | पोलमा राख्ने वोर्डहरु प्रतिवर्ष प्रति गोटा | ००।०० | ७५।- |

अनुसुची-४

## हाटबजार कर (प्रतिदिन)

| क.सं. | बजार | पसलको विवरण | आ.व.२०७६/०७७ |
|---|---|---|---|
| १ | खुल्ला बजार | कपडा पसल प्रति पसल | ५०।- |
| २ | खुल्ला बजार | जुत्ता चप्पल प्रति पसल | ५०।- |
| ३ | खुल्ला बजार | रेडिमेड कपडा प्रति पसल | ५०।- |
| ४ | खुल्ला बजार | मसला तेल प्रति पसल | २०।- |
| ५ | खुल्ला बजार | चुरा कस्मेटिक प्रति पसल | १०।- |
| ६ | खुल्ला बजार | सिद्रा सुकेको माछा प्रति पसल | २०।- |
| ७ | खुल्ला बजार | डोको नाम्लो कुचो प्रति पसल | १०।- |
| ८ | खुल्ला बजार | मुरी कचेरी खाटमा राख्ने प्रति पसल | २०।- |
| ९ | खुल्ला बजार | माटोको भाँडा प्रति पसल | २०।- |
| १० | खुल्ला बजार | मुर्ति भुईंमा वस्ने प्रति पसल | १५।- |
| ११ | खुल्ला बजार | जादु खेल खेलाउने | ५०।- |
| १२ | खुल्ला बजार | घडी टर्च लाईट विक्रि गर्ने प्रति पसल | २०।- |
| १३ | खुल्ला बजार | ठेलामा आईसक्रिम, | २०।- |
| १४ | खुल्ला बजार | रंग, अविर तथा माला प्रति पसल | २०।- |

| | | | |
|---|---|---|---|
| १५ | खुल्ला बजार | भाँडा वर्तन प्रति पसल | २०।- |
| १६ | खुल्ला बजार | चुरोट,सुर्ती प्रतिपसल | २०।- |
| १६ | खुल्ला बजार | विउ विजन प्रति पसल | २०।- |
| १८ | खुल्ला बजार | मकै पोलेर बेच्ने पसल | १०।- |
| १९ | खुल्ला बजार | खसी बाखा बजार प्रति गोटा | ५।- |
| २० | खुल्ला बजार | गाइ, गोरु, बहर, भैंसी रांगा प्रति गोटा | १५।- |
| २१ | खुल्ला बजार | चाट पसल | १०।- |

अनुसुची-५

जडिबुटी, कवाडी, मृत जिबजन्तुको हाड,सिंङ, प्वांख निकासी करको दर

| क.सं. | विवरण | आ.व.२०७६/०७७ | कैफियत |
|---|---|---|---|
| १ | चार पाङ्ग्रे ट्रक | २५००।- | |
| २ | ट्याक्टर | १०००।- | |

अनुसूची-६

**काठ दाउरा, निकासी करको दर**

| क.सं. | विवरण | मात्रा | आ.व.२०७६/०७७ | कैफियत |
|---|---|---|---|---|
| १ | गोलिया सालको काठ | प्रति क्यू.फिट | रु.१०।- | |
| २ | गोलिया असनाको काठ | प्रति क्यू.फिट | रु. ५।- | |
| ३ | गोलिया सल्लाको काठ | प्रति क्यू.फिट | रु. ५।- | |
| ४ | गोलिया अन्य काठ | प्रति क्यू.फिट | रु. ५।- | |
| ५ | दाउरा | प्रति चट्टा | रु.५००।- | |

अनुसुची-७

**मनोरञ्जन कर**

| मनोरञ्जन करको दर |
|---|
| विशेष मेलामा राखिने मनोरञ्जका साधनलाई अनुमति दिंदा प्रकृति हेरी प्रति आईटम दैनिक :-५००।- वा एकमुष्ट रु.२०००।- देखि रु.५०००।- सम्म कर लगाईनेछ। |

अनुसुची-८

**१४.ढुङ्गा,गिटी,बालुवा विक्रि**

| क.सं. | विवरण | आ.व.२०७६/०७७ | कैफियत |
|---|---|---|---|
| १ | गिट्टी, वालूवा, प्रति घन मिट | कर्णाली प्रदेश सरकारको आर्थिक ऐन वमोजिम हुनेछ। | स्रोत मै उठाईनेछ। |

| | | | |
|---|---|---|---|
| २ | ढुङ्गा प्रति घनमिटर | | |
| ३ | चिप्स प्रति घनमिटर | | |

अनुसुची-९

## सेवा शुल्क र दस्तुर

### १. फोटोकपि/प्रतिलिपि सेवा शुल्क

| क्र.सं. | विवरण | आ.व.२०७५/०७६ | आ.व.२०७६/०७७ |
|---|---|---|---|
| १ | कम्प्युटर प्रिन्टबाट प्रतिलिपी दिदा | रु.१५।- | रु.१५।- |
| २ | फोटोकपि शुल्क प्रति कपि | रु.३।- | रु.३।- |
| ३ | नक्कल प्रमाणित दस्तुर प्रति प्रमाण | रु.५।- | रु.१५।- |
| ४ | निवेदन शुल्क र प्रतिलिपि दस्तुर प्रमाणित शूल्क | नियमानुसार | नियमानुसार |

### २. आयश्रोत मूल्याङ्कन सिफारिस शुल्क :

| क्र.सं. | विवरण | आ.व.२०७५/०७६ | आ.व.२०७६/०७७ |
|---|---|---|---|
| १ | बार्षिक रु. १० लाख सम्मको सिफारिस गर्दा | रु.१००।- | रु.१००।- |
| २ | बार्षिक रु. २० लाख सम्मको सिफारिस गर्दा | रु.३००।- | रु ३००।- |
| ३ | बार्षिक रु. ३० लाख सम्मको सिफारिस गर्दा | रु.५००।- | रु ५००।- |
| ४ | बार्षिक रु. ५० लाख सम्मको सिफारिस गर्दा | रु.९००।- | रु.९००।- |
| ५ | ५०लाख १ देखि १करोड सम्म सिफारिस गर्दा | रु.२०००।- | रु.२,०००।- |
| ६ | १ करोड भन्दा माथि | रु.५०००।- | रु.५,०००।- |

### ३. सम्पति मूल्याङ्कन सिफारिस शुल्क :

क) रु.१० लाख सम्मको मूल्यांकन प्रमाणितको-रु.३००।-

ख) रु.१० लाख देखि २० लाखसम्म मूल्यांकन प्रमाणितको रु.५००।-

ग) रु.२० लाख देखि रु.५० लाखसम्म मूल्यांकन प्रमाणितको रु.७००।-

घ) रु.५० लाख देखि रु.१ करोड सम्म मूल्यांकन प्रमाणितको रु.१,०००।-

ङ) रु.१ करोड देखि रु.१.५ करोड सम्म मूल्यांकन प्रमाणितका रु.१,५००।-

च) रु.१.५ करोड माथि मूल्याङ्कन प्रमाणित (सिफारिस सेवा शूल्क प्रति हजार रु. ०।१ का दरले लिईनेछ । तर अध्ययन प्रयोजनका लागि लाग्ने शुल्कमा ५० प्रतिशत छुट दिईनेछ ।

**छ) घर जग्गाको प्राविधिक मुल्यांकनको आधारमा गरिनेछ ।**

**ज) भौतिक संरचनाको मुल्याकंन वा भौतिक संरचनाको** सम्वन्धमा सिफारिसका लागि नक्सापास प्रमाण पत्र वा नक्सापास दस्तुर बुझाएको निस्सा अनिवार्य पेश गर्नु पर्नेछ त्यस्तो प्रमाण पेश गर्न नसकेको हकमा मौजुदा भौतिक संरचनाको आकार प्रकारका आधारमा लाग्ने नक्शापास दस्तुर वरावरको रकम जरिवाना लिई मात्र सिफारिस दिईनेछ र कोही कसैले आफ्नो जग्गाको हक क्षेत्र भन्दा वाहिर पर्ने गरी वनाएको भौतिक संरचनाको मुल्याकंन गराई कर शूल्क भूक्तान गर्नुलाई उक्त जग्गाको स्वामित्व प्राप्तिको आधार मानिने छैन ।

## ४. सार्वजनिक शौचालय उपयोग सेवा शुल्क (प्रति पटक)

| क्र.सं. | विवरण | आ.व.२०७५/०७६ | आ.व.२०७६/०७७ |
|---|---|---|---|
| १ | पिसाब गर्दा प्रति व्यक्ति | रु.५।- | रु.५।- |
| २ | दिशा गर्दा प्रति व्यक्ति | रु.१०।- | रु.१०।- |
| ३ | नुहाउंदा प्रति व्यक्ति | - | - |

## ५. निवेदन दर्ता, फाराम, प्रमाणपत्र तथा परिचयपत्र दस्तुर

| क्र.सं. | विवरण | आ.व.२०७५/०७६ मा | आ.व.२०७६/०७७ मा |
|---|---|---|---|
| १ | निवेदन दर्ता दस्तुर | रु.१०/- | रु.१०/- |
| २ | निवेदन फाराम दस्तुर | रु.५/- | रु.५/- |
| ३ | ब्यावसाय प्रमाणपत्र दस्तुर | रु.१००।- | रु.१००।- |
| ४ | ब्यावसाय नामसारी, प्रतिलिपि, साझेदारी थपघट गरेर | रु.३००।- | रु.३००।- |
| ५ | ब्यावसाय दर्ता दस्तुर | रु.२००।- | रु.२००।- |
| ६ | ब्यतिगत घटना दर्ता विलम्व भएमा ( समय भन्दा पछि आएमा जन्म,विवाह,सम्वन्ध विच्छेद,वसाई सराई ) | रु.५०।- | रु.५०।- |
| ७ | हरेक घटनाको दर्ताको प्रतिलिपि रु | रु.५०।- | रु.५०।- |
| ८ | विद्यालय अनुमति/अपग्रेड निवेदन दर्ता शुल्क (सामुदायिक) | बराहताल गाउँपालिका शिक्षा समितिको | शिक्षा समितिको निर्णयअनुसार |

| | | | |
|---|---|---|---|
| | | निर्णयअनुसार | |
| ९ | विद्यालय अनुमति/अपग्रेड निवेदन दर्ता शुल्क (संस्थागत) | रु. १५००/- | रु. १५००/- |
| १० | विद्यालय दर्ता/अपग्रेड अनुमति (सामुदायिक) निशुल्क | बराहताल गाउँपालिका शिक्षा समितिको निर्णयअनुसार | बराहताल गाउँपालिका शिक्षा समितिको निर्णयअनुसार |
| ११ | १११२ विद्यालय दर्ता/अपग्रेड अनुमति ( संस्थागत) आधारभुत तह | रु.५०००।- | रु.५०००।- |
| १२ | विद्यालय दर्ता/अपग्रेड अनुमति (संस्थागत) मा.वि. तह | रु.६०००।- | रु.६०००।- |

## ६. विभिन्न सिफारिस दस्तुर आ.व.२०७६/०७७

| | | | |
|---|---|---|---|
| १ | नागरिकता प्रमाणपत्र सिफिारिस बंशज | रु.१५०/- | |
| २ | नागरिकता प्रमाणपत्र सिफारिस अंगीकृत | रु.५००।- | |
| ३ | जग्गाको नामसारी सिफारिस | रु.३००/- | |
| ४ | नाम,थर संसोधन सम्वन्धी सिफारिस | रु.१०० /- | |
| ५ | छुट जग्गा दर्ता सिफारिस । मुल्यांकनको आधारमा प्रतिशत तोक्ने | ५ प्रतिशत | |
| ६ | विद्युत जडान सिफारिस<br>क) घरायसी/कृर्षी प्रयोजन<br>ख) औद्योगीक प्रयोजन सानो<br>ग) औद्योगिक प्रयोजन सानो/इटा भट्टा प्रयोजन | रु.५०/-<br>रु.४००।-<br>रु.५००।- | |
| ७ | खानेपानी जडान तथा नामसारी सिफारिस | रु.५०/- | |
| ८ | जग्गा अद्यावधिक ,मालपोतमा घर कायम सिफारिस | रु.२००/- | |
| ९ | ९ विविध तथा सामान्य सिफारिस दस्तुर | रु.१००/- | |
| १० | सामुदायिक मध्यस्थ सेवा | रु.१००/- | |
| ११ | अंग्रेजीमा सिफारिस र रुपान्तरण प्रति सिफारिस | रु.३५०/- | |
| १२ | भूक्तानी विवरण प्रमाणित | रु.१००/- | |
| १३ | रोक्का फुकुवा सिफारिस | रु.१००/- | |
| १४ | ट्रान्सफरमर जडान ठाउंसारीका लागि सिफारिस गर्दा व्या।वशायिक | रु.२०००/- | |

| | | | |
|---|---|---|---|
| १५ | संघ संस्था दर्ता सिफारिस | रु.५००/- | |
| १६ | विवाह सम्वन्धी प्रमाणित सिफारिस | रु.१५०/- | |
| १७ | चारित्रिक/जन्ममिति प्रमाणित | रु.१५०/- | |
| १८ | घर निमार्णका लागि काठ, दाउरा उपलब्ध गराउने सिफारिस | रु.५००/- | |
| १९ | क) सर्जमिन दस्तुर<br>ख) नाता प्रमाणित<br>ग) नाता प्रमाणित मृतकसंग<br>घ) ठुलो उद्योग दर्ता<br>ङ) साना घरेलु उद्योग दर्ता □<br>च) मोही लगत कट्टा सर्जमिन<br>छ) ब्यक्तिगत घटना सम्वन्धि सर्जमिन<br>ज) अन्य सर्जमिन | रु.२००।-<br>रु.१००/-<br>रु.१००/-<br>रु.२०००/-<br>रु.१५००।-<br>रु.३००।-<br>रु.३००।-<br>रु.२००।- | |
| २० | नावालक प्रमाणित सिफारिस | रु १००/- | |
| २१ | भारत प्रवेशाज्ञा सिफारिस | रु १००/- | |
| २२ | नाता सम्वन्ध/नाता प्रमाणित सिफारिस | रु ३००/- | |
| २३ | चार किल्ला प्रमाणित<br>क) पांच रोपनी/आठ कठ्ठा सम्म<br>ख) १० रोपनी/१६ कठ्ठा सम्म<br>ग) सो भन्दा माथी | <br>रु १००/-<br>रु १००/-<br>रु १००/- | |
| २४ | मालपोतलाई गरिने घरवाटो सिफारिस<br>क) पांच रोपनी/आठ कठ्ठा सम्म<br>ख) १० रोपनी/१६ कठ्ठा सम्म<br>ग) सो भन्दा माथी | <br>रु १००/-<br>रु १००/-<br>रु १००/- | |
| २५ | जग्गा प्लटिङ्ग प्रति कित्ता एक कठ्ठा सम्म | रु ३०००/- | |
| २६ | जग्गा प्लटिङ्ग प्रति कित्ता एक कठ्ठा भन्दा माथी | | |

**७. नक्सा पास दस्तुर**

| क्र.सं. | विवरण | राजमार्ग दायावाया बन्ने घरको प्रति वर्ग फुट लागने दस्तुर रु मा | अविलेखिकरण | |
|---|---|---|---|---|
| | | २०७६/०७७ | २०७६/०७७ | २०७६/०७७ |

| | | | मंसिर मसान्त भित्र निवेदन गर्नेको हकमा | मंसिर मसान्त पछि निवेदन गर्नेको हकमा |
|---|---|---|---|---|
| १ | आर.सी.सी. फ्रेम स्ट्रक्चर<br>क) भूई तल्ला<br>ख) प्रथम तल्ला<br>ग) दोस्रो तल्ला तथा सोभन्दा माथि | २१००<br>२१५०<br>२१७५ | २१००<br>२१५०<br>२१७५ | २१००<br>२१५०<br>२१७५ |
| २ | कम्पाउन्ड वाल | ११०० | ११०० | ११०० |

**८. न्याय समिति तर्फ निवेदन दस्तुर रु. १०० (एक सय)**

अनुसूची-१०

**वहाल बिटौरी कर**

| **१. सार्वजनिक जग्गा उपयोग गरेवापत लगाईने बहालविटौरी कर** | | | |
|---|---|---|---|
| **क** | **जुम्ला सडक संग जोडिएका** | | |
| १ | पक्की /छत ढलान घर | प्रति स्कावर फिट रु ३।- | |
| २ | अर्धपक्की जास्ता छाना | प्रति स्कावर फिट रु २।- | |
| ३ | फुस/टायल/टाटी | प्रति स्कावर फिट ५० पैसा | |
| ४ | खाली जग्गा घरले चर्चेको | प्रति कठ्ठा रु.४००।- | |
| ५ | खेती गरेको जग्गा | प्रति कठ्ठा रु.४००।- | |
| **ख** | **बड्डीचौर बेनीघाट सडक** | | |
| १ | पक्की /छत ढलान घर | प्रति स्कावर फिट रु ३।- | |
| २ | अर्धपक्की जास्ता छाना | प्रति स्कावर फिट रु २।- | |
| ३ | फुस/टायल/टाटी | प्रति स्कावर फिट ५० पैसा | |
| ४ | खाली जग्गा घरले चर्चेको | प्रति कठ्ठा रु.२००।- | |
| ५ | खेती गरेको जग्गा | प्रति कठ्ठा रु.२००।- | |

**२.गाउँपालिकाको सम्पत्ति वहाल**

| **क्र.सं.** | **घर कोठा छाप्रो** | **न्यूनतम दर रकम रु.** | **धरौटी रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|
| १ | पुरानो टहरा सब्जी मण्डी दुई कोठा | ४००००।- | १२००।- | बार्षिक |
| २ | २ डेरी बसेको कोठा | ३००००।- | ९००।- | बार्षिक |
| ३ | ३ बधशाला बसेको कोठा | १५०००।- | ४५०।- | बार्षिक |
| ४ | ४ खसी संकलन केन्द्र | ३००००।- | ९००।- | बार्षिक |